का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक १७९
❐ ३० साउन २०७८, शनिबार
❐ 14 August 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# देउवासामु संकटै संकट

प्रधानमन्त्री नियुक्त भएको महिना दिन पुग्दा पनि मन्त्रिपरिषदलाई पूर्णता दिन नसकेका प्रधानमन्त्री शेरबहादुर देउवा सामु राष्ट्रिय राजनीति, पार्टी व्यवस्थापन र महामारीबाट नागरिकको जीवन रक्षा गर्नुपर्ने जस्ता महत्वपूर्ण दायित्व छ । तर गठबन्धनका नेताहरु मनाउन, पार्टी महाधिवेशन गर्न र संक्रमणबाट नागरिकलाई जोगाउन प्रधानमन्त्री सफल हुन सकिरहेका छैनन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २९ साउन ।

सत्तारुढ दल नेपाली काँग्रेसका २२जना आमन्त्रित केन्द्रीय सदस्यहरुले सामुहिक राजीनामा घोषणा गरेका छन् । आमन्त्रित केन्द्रीय सदस्यहरुलाई महाधिवेशनमा स्वतः प्रतिनिधि बनाउने व्यवस्था नभएको भन्दै उनीहरुले सामुहिक राजीनामा घोषणा गरेका हुन् । काँग्रेसका पदाधिकारी र केन्द्रीय सदस्य स्वतः महाधिवेशनमा प्रतिनिधि हुने व्यवस्था छ । तर आमन्त्रित केन्द्रीय सदस्यहरु भने निर्वाचित भएर आउनुपर्ने व्यवस्था काँग्रेसले गरेको छ ।

> काँग्रेसबाट दुई र माओवादीबाट दुई मन्त्रीलाई देउवाले आफूसँगै शपथ गराएका थिए । गएको १० साउनमा मात्रै देउवाले स्वास्थ्य राज्यमन्त्री नियुक्त गरे । तर गठबन्धनका दलहरुबीच शक्ति सन्तुलन मिलाउन नसक्दा देउवाले मन्त्रिपरिषद् बिस्तार गर्न सकेका छैनन् ।

२०७६ को महासमिति बैठकले भने काँग्रेसका केन्द्रीय समितिमा भएका नेताहरु पनि महाधिवेशन प्रतिनिधि निर्वाचित भएर आउनुपर्ने व्यवस्था गरेको थियो । तर काँग्रेस केन्द्रीय कार्य समितिले त्यो निर्णय सच्याउँदै पदाधिकारी र केन्द्रीय सदस्यहरु स्वतः महाधिवेशन प्रतिनिधि हुने व्यवस्था गरेको छ । तर आमन्त्रित केन्द्रीय सदस्यहरुको हकमा भने फरक निर्णय रहेको भन्दै २२ जनाले राजीनामा घोषणा गरेका छन् । अर्थात् सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाको निवास बुढानिलकण्ठमा शुरु भएको केन्द्रीय कार्यसमितिको बैठकमा फेरि अर्को समस्या थपिएको छ ।

त्यसैपनि काँग्रेसभित्रको कलह मिलाउन नसक्दा पार्टी वैधानिकताकै चिन्ता बढेर गएको छ । क्रियाशील सदस्यता वितरणमा विवाद हुँदा भदौ १६-१९ मा निर्धारित चौधौं महाधिवेशन प्रभावित बनेको छ । क्रियाशील सदस्यता वितरण समस्या हल भएका थिए भने यसबेला काँग्रेस निर्वाचनको चटारोमा हुने थियो । काँग्रेसको पछिल्लो संशोधित कार्यतालिका अनुसार, १२ साउनमै वडा अधिवेशन हुनेथियो । अहिले केन्द्रीय महाधिवेशनबाट चयन हुने केन्द्रीय नेतृत्वकै संकेत आइसक्ने थियो ।

तर सभापति देउवाले अन्य पार्टीबाट प्रवेश गरेकाहरुलाई दिएको सदस्यता अनुपातमा कुरा नमिल्दा महाधिवेशन अनिश्चित बन्दै गएको छ । क्रियाशील सदस्यता विवाद सभापति देउवा, बरिष्ठ नेता रामचन्द्र पौडेल र पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले समेत मिलाउन सकेका छैनन् । एकातिर क्रियाशील सदस्यताको विवाद हल हुन सकेको छैन भने अर्कातिर आमन्त्रित केन्द्रीय सदस्यहरुको राजीनामा घोषणाको समस्या थपिएको छ । आमन्त्रित केन्द्रीय सदस्यहरु सभापति देउवाले मनोनित गरेकाले यसलाई राजनीतिक रुपमा समेत हेरिएको छ ।

सभापति देउवाले दुई महिनाभित्र गठन गरिसक्नुपर्ने विभागहरु समेत नेतृत्वको कार्यकाल सकिने बेला मात्रै बनाएका थिए । यसमा पनि संस्थापन इतरको असन्तुष्टि कायमै थियो । महासमिति बैठकले विभाग संख्या घटाउने निर्णय गरेपनि सभापति देउवाले केन्द्रीय कार्य समितिको बहुमतबाट विभाग संख्या बढाएका थिए । त्यसैबेला देउवाले फेरि पनि काँग्रेसको नेतृत्व हत्याउनेगरी गतिविधि गरेको भन्दै संस्थापन इतर समूहले आपत्ति जनाएको थियो । अर्थात् तेह्रौ महाधिवेशनकै विवाद हल हुन नसक्दा काँग्रेस अहिले वैधानिकता संकट जोगाउनुपर्ने अवस्थामा पुगेको छ ।

हरेक चार वर्षमा महाधिवेशन गरिने काँग्रेस महाधिवेशनको व्यवस्था छ । संविधानले भने पाँच वर्षभित्र महाधिवेशन गराइसक्नुपर्ने व्यवस्था गरेको छ । विशेष परिस्थिति भए ६ महिना थप्न सकिने पनि संवैधानिक व्यवस्था हो । काँग्रेसको महाधिवेशन पार्टी विधान र संविधानले तोकेको मितिमा हुन सकेन । विशेष समयको ६ महिने अवधि पनि २३ भदौमा सकिदैछ । अहिले काँग्रे पार्टीको वैधानिकता कसरी टुंग्याउने भन्ने चिन्तामा समेत छ । अर्थात् पार्टीभित्रको शक्ति सन्तुलन मिलाएर अगाडि बढ्न नसकेका देउवाले सरकारको नेतृत्व पनि सहज रुपमा गर्न सकिरहेका छैनन् । प्रतिनिधिसभा पुनर्स्थापना गर्दै गएको २९ असारमा देउवा प्रधानमन्त्री नियुक्त भएका थिए । काँग्रेस, माओवादी केन्द्र, नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूह, जनता समाजवादी पार्टी (जसपा) र राष्ट्रिय जनमोर्चा गठबन्धनमा बनेको सरकारको नेतृत्व देउवाले गरिरहेका छन् । बाँकी पृष्ठ २ मा

# कोरोना प्रभावित प्राथमिकतामा

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २९ साउन

नेपाल राष्ट्र बैंकले कोरोनाबाट असर परेको उद्योग व्यवसायलाई प्रवर्द्धन गर्ने लक्ष्य राख्दै चालु आर्थिक वर्षको मौद्रिक नीति सार्वजनिक गरेको छ । शुक्रबार केन्द्रीय बैंकका गभर्नर महाप्रसाद अधिकारीले मौद्रिक नीति सार्वजनिक गर्दै कोरोनाको असर न्यून गर्न यसअघि नै ल्याइएको पुनरुत्थान कर्जालाई निरन्तरता दिइएको जानकारी दिए । कोरोनाका कारण नगद प्रवाहमा समस्या भएका क्षेत्रलाई समेत मौद्रिक नीतिले समेट्ने प्रयास गरेको उनले बताए । यस्तै, कोरोनाले समस्यामा पारेको सार्वजनिक यातायातको मर्मतसम्भारका लागि थप रु दुई लाखसम्मको ऋण दिने व्यवस्था गरिएको छ । स्थिर विनिमय दरको व्यवस्था, वित्तीय स्रोत परिचालनको दायरा फराकिलो बनाइएको छ भने ब्याजदर करिडोर, ब्याजदर स्थायित्व कामय हुने गरी व्यवस्थापन गरिएको छ । यस्तै, विप्रेषण बैंक तथा वित्तीय संस्थामा



राखेको अवस्थामा थप ब्याज पाउने नयाँ व्यवस्था नीतिमा गरिएको छ । गभर्नर अधिकारीका अनुसार, विप्रेषण रकम बैंकिङ प्रणालीमा राखिएको सन्दर्भमा हाल पाउने ब्याजदरमा थप एक प्रतिशत बढी पाउने व्यवस्था गरिएको छ । बैंकले मौद्रिक नीति मार्फत् सेयर धितो राखेर ऋण प्रवाहमा कडाइ गरेको छ ।

> **मौद्रिक नीति**
> कोरोनाका कारण नगद प्रवाहमा समस्या भएका क्षेत्रलाई समेत मौद्रिक नीतिले समेट्ने प्रयास गरेको उनले बताए ।

मौद्रिक नीतिले चालू आर्थिक वर्षमा राष्ट्र बैंकले मूल्य वृद्धिदर ६.५० प्रतिशत कायम गर्ने लक्ष्य तय गरेको गभर्नर अधिकारीले बताए । कोरोनाका कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीहरुलाई बैंक तथा वित्तीय संस्था स्वयंले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सकिने व्यवस्था मौद्रिक नीतिमा गरिएको गभर्नर अधिकारीले बताए ।

कोभिड-१९ बाट अति प्रभावित पर्यटन, चलचित्र, पार्टी प्यालेस, सार्वजनिक यातायात तथा शिक्षा क्षेत्रमा प्रवाह भएको कर्जा बैंक तथा वित्तीय संस्थाले मूल्यांकन गरी २०७८ पुस मसान्तसम्ममा पुनर्संरचना तथा पुनर्तालिकीकरण गर्न सक्ने व्यवस्था मिलाइने भएको बैंकले जनाएको छ ।

आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाको निक्षेप परिचालन २१.४ प्रतिशतले बृद्धि भएको बैंकले जनाएको छ । बैंक तथा वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने नीतिगत व्यवस्था भए पश्चात् २०७८ असार मसान्तसम्म कुल २२९ बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने प्रक्रियामा सामेल भएका छन् । वाणिज्य बैंकका शाखा ७५० स्थानीय तहहरुमा पुगेको राष्ट्र बैंकले जनाएको छ ।

# बौरिने प्रयास




**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २९ साउन

सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रको बैठक आज देखि शुरु हुँदैछ । बैठकका लागि नेताहरु काठमाडौं आइसकेको केन्द्रीय कार्यालयले जनाएको छ । प्रतिनिधिसभा पुनर्स्थापना भएपछि पहिलो पटक केन्द्रीय कमिटी बैठक बोलाइएको हो ।

साविकको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया सर्वोच्च अदालतले भंग गर्दै २३ फागुनमा नेकपा एमाले र माओवादी केन्द्र ब्युताए पछि चैत पहिलो साता पेरिसडाडाँमै केन्द्रीय कमिटी बैठक बसेको थियो । तर, त्यसबेला राजनीतिक संक्रमण कायमै रहेकाले थप कुनै निर्णय हुन सकेको थिएन । अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सहित शीर्ष नेताहरु तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको विकल्पमा सरकार बनाउने दौडमा थिए ।

> एमालेसँग एकता गर्दा छोडिएको माओवाद लिएर फेरि मुर्झाएको संगठन सशक्त बनाउनुपर्ने चुनौती माओवादी नेताहरुसँग छ । अझ पार्टी छोड्ने नेताहरुबाट पुगेको क्षति परिपूर्ति सजिलो देखिन्न ।

एमाले अध्यक्ष ओलीले भने ७ जेठमा फेरि दोस्रो पटक प्रतिनिधिसभा विघटन गरे । तर फेरि पनि सर्वोच्च अदालतले २८ असारमा प्रतिनिधिसभा पुनर्स्थापना गरिदिएको छ । सँगै, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश समेत दियो । अदालतको फैसलाअनुसार, देउवा नेतृत्वमा गठबन्धन सरकार बनेको छ । देउवालाई ३ साउनमै काँग्रेस, माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एमालेका बरिष्ठ नेता माधवकुमार नेपाल समूह, एमाले अध्यक्ष केपी शर्मा ओली निकट केही सांसद र राष्ट्रिय जनमोर्चाले विश्वसको मत दिएका थिए ।

"संविधान, संसद् र व्यवस्था जोगिएको छ । अब हामी पार्टी निर्माणतिर लाग्छौं", एक नेताले भने । आज शुरु हुने केन्द्रीय कमिटीको एजेण्डा तय गर्न शुक्रबार दिउँसो माओवादीको स्थायी कमिटी बैठक समेत बसेको छ ।

स्थायी कमिटी बैठकले केन्द्रीय कमिटीमा राजनीतिक तथा सांगठानिक प्रतिवेदन अध्यक्ष प्रचण्डले पेश गर्ने निर्णय गरेको छ । माओवादीका प्रवक्ता नारायणकाजी बाँकी पृष्ठ २ मा

# कामदारको क्यूआर कोडको प्रमाणपत्र म्यानपावरलाई नै दिइने



**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन

स्वास्थ्य सेवा विभागले वैदेशिक रोजगारमा जाने कामदारका लागि अत्यावश्यक मानिएको कोरोना भाइरसविरुद्धको खोपको क्युआर कोडसहितको प्रमाणपत्र सम्बन्धित म्यानपावर कम्पनीको आधिकारिक इमेलमा पठाउने भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबीच भएको छलफलमा उक्त सहमति भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले मध्यान्हलाई जानकारी दिए ।

दुई मन्त्रालयबीच भएको सहमति अनुसार वैदेशिक रोजगारीमा जाने कामदारहरुले स्वास्थ्य सेवा विभागबाट उपलब्ध हुने क्युआर कोडसहितको विद्युतीय खोप प्रमाणपत्र प्राप्त गर्न सक्ने छन् ।

त्यसका लागि सम्बन्धित इजाजतपत्रवाला संस्थाहरुले विभागमा खोपको रिपोर्ट पठाउनु पर्नेछ । त्यसपश्चात विभागले प्रमाणपत्र म्यानपावरको आधिकारिक इमेलमा पठाउने छ । महासचिव श्रेष्ठले यो व्यवस्था शुक्रबारदेखि लागू भएको जानकारी दिए ।

इमेलमा प्राप्त क्युआर कोडसहितको प्रमाणपत्र अन्य कुनै निकायबाट थप प्रमाणीकरण गर्नु नपर्ने महासचिव श्रेष्ठले बताए ।

**वैदेशिक रोजगार विशेष**

## अभिमुखीकरण तालिम फेरि बन्द

**काठमाडौं/मस-** काठमाडौँ उपत्यकाका जिल्ला प्रशासन कार्यालयले रात्रीकालीन निशेधाज्ञा लगाएसँगै वैदेशिक रोजगारीमा जानेहरूलाई दिइने अभिमुखीकरण तालिम पुनः बन्द हुने भएको छ ।

कोरोना भाइरस संक्रमण बढ्दै गएको भन्दै उपत्यकाका तीनवटै जिल्ला प्रशासन कार्यालयहरूले साउन २८ गतदेखि भदौ ८ गतेसम्म निषेधाज्ञा आदेश जारी गरेका छन् । उक्त आदेशसँगै अभिमुखीकरण तालिममा रोक लागेको छ ।

वैदेशिक रोजगार ऐन अनुसार श्रम स्वीकृतिका लागि सशरीर उपस्थित भई वायोमेट्रिक हाजिरीका आधारमा तालिम लिनुपर्ने बाध्यता छ । तर तालिम नै लिन नपाउने भएपछि विदेश जान श्रम स्वीकृति प्रक्रिया नै अवरुद्ध हुने देखिएको छ ।

काठमाडौँ उपत्यकाका तीन जिल्लामा निशेधाज्ञाका कारण तालिम लिन नपाउने भएपनि अन्य जिल्लामा रहेका तालिम केन्द्रबाट तालिम लिन सकिने विकल्प बाँकी रहेको छ । तर अभिमुखीकरण तालिम प्रदायक संस्था काठमाडौं उपत्यकामा नै रहेका कारणले जिल्ला प्रशासन कार्यालयले यस बारेमा छुट्टै आदेश जारी गरी भौतिक दुरीका आधारमा कक्षा सञ्चालन गर्न दिनुपर्ने व्यवसायी तथा रोजगारीमा जानेहरूको माग छ ।

## जिल्ला हुलाक कार्यालयसँग विज्ञापन बोर्डको अन्तरक्रिया

# लोककल्याणकारी विज्ञापनको अनुगमन र भुक्तानी हुलाकबाटै : अध्यक्ष हुमागाईं

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले छापा तथा विद्युतीय सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रशारण हुने लोककल्याणकारी विज्ञापनको अनुगमन जिल्ला हुलाक कार्यालयबाट हुने बताएका छन् । जिल्ला हुलाक कार्यालयका कार्यालय प्रमुखहरुसँगको अन्तरक्रिया कर्याक्रममा अध्यक्ष हुमागाईंले अनुगमनका साथै भुक्तानीको व्यवस्था पनि हुलाक कार्यालयबाटै मिलाइएको जानकारी दिए ।

बोर्डले गत साउन १५ गते लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रशारणको अनुगमन तथा भुक्तानी सम्बन्धी सम्पूर्ण कार्य जिल्ला हुलाक कार्यालयमार्फत गर्ने/गाराउने निर्णय गरेको थियो । सोही मापदण्ड कार्यान्वयनको सन्दर्भमा बोर्डले जिल्ला हुलाक कार्यालयका प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम गरेको हो ।

कार्यक्रममा अध्यक्ष हुमागाईंले विगतमा छापातर्फको सूचना तथा प्रशारण विभाग र प्रदेश मुकाममा रहेका जिल्ला हुलाक कार्यालय मार्फ हुने गरेकोमा यस वर्षदेखि सम्बन्धित हुलाक कार्यालयमार्फत गर्न लागिएको जानकारी दिए ।



उक्त अवसरमा उनले चालु आर्थिक वर्षको साउन महिनामा प्रकाशन भएका पत्रपत्रिकाले भदौ ७ गतेभित्र सम्बन्धित जिल्ला हुलाक कार्यालयमा पत्रपत्रिका, बिल पेश गर्ने र जिल्ला अनुगमन तथा सिफारिस समितिको सिफारिसमा भुक्तानी गर्ने निर्णय भएको समेत जानकारी गराएका थिए ।

अन्तरक्रिया कार्यक्रममा बोर्डले पारित गरेका मापदण्ड, जिल्लास्तरीय लोककल्याणकारी विज्ञापन अनुगमन तथा सिफारिस समितिमा रहने सदस्य तथा त्यसको काम कर्तव्य र अधिकारको बारेमा समेत जानकारी दिइएको थियो । जिल्ला सिफारिस तथा अनुगमन समितिमा जिल्ला हुलाक कार्यालयका प्रमुख संयोजक, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय तथा नेपाल पत्रकार महासंघ जिल्ला कार्यसमितिले तोकेको प्रतिनिधि सदस्य रहने र सदस्य सचिवको काम जिल्ला हुलाक कार्यालय प्रमुखले तोकेको कर्मचारीले गर्ने व्यवस्था गरिएको अध्यक्ष हुमागाईंले बताए ।

देशभरका ७७ वटै जिल्ला हुलाक कार्यालयका प्रमुखको सहभागिता रहेको सो कार्यक्रममा हुलाक सेवा विभागकी महानिर्देशक आभा श्रेष्ठ कर्णले सबै कार्यालय प्रमुखहरुलाई लोककल्याणकारी विज्ञापनको प्रकाशन तथा प्रशारणको काममा बोर्डलाई सहयोग गर्न आग्रह गरिन् । सो अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव एवं प्रवक्ता शोभाकान्त पौडेलले लोककल्याणकारी विज्ञापन मन्त्रालयको प्राथमिकतामा परेको विषय भएको र सो को अनुगमन तथा भुक्तानी स्थानीस्तरबाटै गर्ने व्यवस्था मिलाइएको जानकारी दिए ।

अन्तरक्रिया कार्यक्रममा विज्ञापन बोर्डका सदस्य एवं छापा माध्यममा लोककल्याणकारी विज्ञापन सिफारिस समितिका संयोजक बलराम थापा, बोर्डका प्रमुख प्रशासकीय अधिकृत अनोज कुमार घिमिरे, कार्यक्रम अधिकृत दिनेश लुईंटेल तथा प्रशासकीय अधिकृत दिलिप कुमार महर्जनको सहभागिता थियो । कार्यक्रमको संयोजन हुलाक सेवा विभाका शाखा अधिकृत रमेश कटुवालले गरेका थिए ।

# मेलम्ची नगरपालिकाले प्रभावितलाई रकम दियो

**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक,२९ साउन

मेलम्ची नगरपालिकाले बाढी प्रभावितहरुलाई राहत स्वरुप बैंकमा रकम जम्मा गरिदिएको छ। बाढीबाट प्रभावित भएकाहरुको क्षतिको वर्गीकरण अनुसार २५, २०, १५ र १० हजार रकम जम्मा गरिदिएको हो । अहिलेसम्म ३ सय ११ जनाको खातामा रकम जम्मा गरिदिएको मेलम्ची नगरपालिकाबाट जानकारी प्राप्त भएको छ । नगरपालिकाले २ सय ८६ जना र नेपाल रेडक्रस सोसाइटीले २५ हजारका दरले २५ जनालाई गरी ३ सय ११ जनाको खातामा रकम जम्मा भएको मेलम्ची नगरपालिकाका लेखा अधिकृत मुरारी पुडासैनीले जानकारी दिए ।



मेलम्चीमा रहेका नेपाल बैंक, कुमारी बैंक, सिभिल बैंक, कृषि विकास बैंक, लक्ष्मी बैंक, सिन्धु विकास बैंकका साथै अन्य बैंकमा प्रभावितको रकम जम्मा गरिदिएको मेलम्ची नगरपालिकाबाट जानकारी प्राप्त भएको ।

नगरपालिकाभित्रका प्रभावित वडाहरुबाट प्राप्त विवरणको आधारमा रकम जम्मा गरिदिएको लेखा अधिकृत पुडासैनीले बताए । उनले केही प्रभावितको खातामा रकम जम्मा गर्न अझैं बाँकी रहेकाले छिट्टै नगरपालिकालाई उपलब्ध गराएको खातामा रकम जम्मा गरिदिने जानकारी दिए । केही गुनासो तथा छुटपुट भएमा प्रभावितहरुलाई सम्बन्धित वडा कार्यालयमा सम्पर्क गर्न आग्रह गरे ।

# सीमामा आवतजावत गर्नेको विवरण राख्न निर्देशन

**काठमाडौं/मस**–प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिले मानव बेचबिखन र ओसारपसार रोक्न खुला सीमाको नियमनलाई व्यवस्थित गर्न र आवतजावत गर्ने व्यक्तिको व्यक्तिगत तथ्यांकसहित विवरणरूपमा राख्न सरकारलाई निर्देशन दिएको छ । समितिले मानिसको स्वतन्त्र आवागमनको सम्बन्धमा भएका अन्तरराष्ट्रिय प्रतिबद्धताको प्रतिकूल नहुने गरी मानव बेचबिखन रोक्न सीमाना नियन्त्रणलाई सुदृढीकरण गर्न, सीमा क्षेत्रमा पीडित र अपराधीको पहिचानलाई सरलीकरण गर्न सीमा नियमन गर्नुपर्ने बताएको हो । समितिले तीनै तहका सरकारबीच र सरोकारवाला मन्त्रालय, संस्था र निकायबीच सहकार्य र समन्वयमा जोड दिन गृह मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देश गरेको छ । कानून कार्यान्वयन गर्ने निकाय र मानव बेचबिखनको काममा प्रत्यक्ष संलग्न हुने संस्थाको सवलीकरण गर्न पनि निर्देशनमा भनिएको छ ।

मानव बेचबिखनसम्बन्धी जोखिम न्यूनीकरणका लागि आर्थिक सशक्तिकरण, शिक्षामा पहुँच र तालिमका कार्यक्रम सञ्चालन, जोखिम क्षेत्रमा संघसंस्था परिचालन गर्न पनि महिला मन्त्रालयलाई निर्देश गरिएको छ । समितिले हराएका वा बेपत्ता भएका व्यक्तिको परिवारले कुनै एक प्रहरी कार्यालयमा उजुरी दर्ता गरेपछि सबै कार्यालयमा निर्देशन गर्न र फेलापरेका व्यक्तिको विवरण राख्न भनिएको छ । समितिले नाम, थर बतन नखुलेका वेवारिसे अवस्थामा फेलापरेका व्यक्ति तथा शव नियमितरूपमा सार्वजनिक सूचना प्रवाह गर्न र बायोमेट्रिक अभिलेख दुरुस्त राख्ने व्यवस्था मिलाउन गृह मन्त्रालय, महिला मन्त्रालय र राष्ट्रिय मानवअधिकार आयोगलाई निर्देश गरेको छ ।

समितिका सदस्य गंगा चौधरीले कतिपय स्थानमा आर्थिक लेनदनका कारण प्रहरीले बलत्कारजस्ता घटनासमेतमा उजुरी नलिएकाले गृह मन्त्रालयले त्यसमा ध्यान दिनुपर्ने बताइन् । समितिका सदस्य नारायण खतिवडाले महिला हिंसाका घटनामा सरकार र गैरसरकारी संस्थाको तथ्याङ्क फरकफरक हुने भएकाले कुन सही हो भन्ने छुट्टाउन समस्या परेको बताए ।

समितिका सदस्य लक्ष्मी परियारले बाग्मती प्रदेश र प्रदेश नं २ मा बालबालिका हराउने तथ्याङ्क बढी पाइएकाले त्यसको कारण खोजिनुपर्ने बताइन् । समितिका सदस्य अमृता थापाले तीन तहका सरकारबीच समन्वयको अभाव देखिएको बताइन् ।

समितिकी सभापति निरु पालले एसिडबाट पीडित महिलालाई महिला मन्त्रीले तोक लगाएर रु ५० हजारसम्म दिन सक्ने गरी कोष स्थापना भए पनि पीडितले त्यो रकम सजिलै नपाएको बताइन् । तीनै तहका सरकार, गैरसरकारी संस्थाबीच समन्वय हुनुपर्ने बताइन् ।

# बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

**काठमाडौं/मस**-प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको टोलीले बैंकिङ कसुरमा दोषी ठहऱ्याइएका फरार एक व्यक्तिलाई शुक्रबार पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-१६ बस्ने ४८ वर्षीया प्रेमकुमारी खड्गी रहेका छन् । उनले आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानीजानी पीडितलाई झुक्यानमा पारी चेक दिएकामा अदालतले बैंकिङ कसुर गरेको ठहर गरेको थियो ।



बैंकिङ कसुरजन्य अपराध गरेको उच्च अदालत पाटनको २०७६ साल जेठ २१ को फैसलाले बैंकिङ कसुर तथा सजाय ऐन २०६४ बमोजिम पाँच दिन कैद र रु बीस लाख जरिवाना हुने ठहर गरेकामा उनी फरार हुँदै आएकी थिइन् ।

फैसला कार्यान्वयन तथा फरार प्रतिवादीको खोजतलास एवं पक्राउका लागि परिचालित टोलीले उनलाई शुक्रबार काठमाडौंको सोह्रखुट्टेबाट पक्राउ गरी फैसला कार्यान्वयनका लागि ललितपुर जिल्ला अदालतमा पेस गरेको प्रहरी उपरीक्षक श्यामकुमार महत्तोले बताए ।

# प्रहरी भन्दै कुटपिट गरी रकम असुल्ने दुई पक्राउ

**बनियानी/मस**-'प्रहरी हुँ' भन्दै कुटपिट गरी रकम असुल्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको छ । कनकाई नगरपालिका-७ का ४० वर्षीय विकास उप्रेती र बिर्तामोड नगरपालिका-३ का ३२ वर्षीय टीका खत्रीलाई बिहीबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले जानकारी दिए ।

बिर्तामोड-५ की नयनसरी राजवंशीको घरमा गएर यही साउन ११ गते उप्रेती र खत्रीले 'हामी सादा पोशाकका प्रहरी हौं, तपाईंको छोरा लागुऔषध खाने बेच्ने गर्छ र डिलर पनि हो, अब छोरालाई जोगाउने हो भने रु २० हजार दिनु, नभए मुद्दा हालिदिन्छौं', भनेर धम्क्याउनाका साथै राजवंशीको साथमा भएको रु एक हजार १०० लिएर पछि फेरि पैसा लिन आउँछौं भन्दै गएका थिए ।



सोही सिलसिलामा यही साउन १४ गते राति नयनसरीको घर पुगेका उनीहरुले उनका छोरा २५ वर्षीय विशाल राजवंशीलाई बाहिर बोलाएर ' हामी एउटा मिसनमा आएका हौं, किन गाउँका मान्छेलाई हल्ला गरी बोलाएको ?' भन्दै उप्रेतीले कम्मरको बेल्ट खोलेर विशाललगायत अन्य व्यक्तिलाई समेत कुटपिट गरेका थिए ।

पीडित राजवंशीले साउन २२ गते इलाका प्रहरी कार्यालय अनारमनीमा दिएको निवेदनका आधारमा उप्रेती र खत्रीलाई पक्राउ गरिएको प्रनाउ थापाले बताए । पक्राउ परेका दुवैलाई इप्रका अनारमनीमा राखेर कानुनी कारबाही अघि बढाइएको थापाले जानकारी दिए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०५५/०१/०१ मा दर्ता भएको **प्रा.लि. नं. ५३९९७** को **टि. एम. पावर प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०४/३०

यस कम्पनीको मिति २०७८/०४/२५ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मिसन जननी जयती गु. वि. न. (गु.वि. नजनै नं. २६९३९९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/२७ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मिसन जननी जयती गु. वि. न.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**कतारमा रोजगार** | १. कम्पनी: QATAR MANPOWER SOLUTIONS COMPANY
शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७७/११/२३ चलानी नं.: ६०१५५१२८ LT. No.: 236746 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker (Female) | 0 | 30 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Light Driver | 10 | 0 | | 1500 | ४८,८२५ | | | | | | | |

२. कम्पनी: PRIME COMPANY शहर: QATAR

पूर्व स्वीकृत मिति: २०७८/०३/१३ चलानी नं.: ६०१५९२९९ LT. No.: 241558 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 21 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Waiter | 0 | 2 | | 1400 | ४५,५७० | | | | | | | |
| 3. | Cashier | 3 | 0 | | 1300 | ४२,३१५ | | | | | | | |
| 4. | Salesman | 2 | 0 | | 2000 | ६५,१०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ५ गते (21 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु १०,०००/- क.नं. २ निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल
फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com
श्रम इजाजत नं. १४६९/०७४/०७५



**OMAN मा रोजगारको अवसर** | कम्पनी : INMA IZZ ALSHAMILA LLC
शहर: Muscat

पुर्व स्वीकृत मिति: २०७८/04/03 चलानी नं.: ६०१६०२८७ LT. No.: 242365 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Sanitary Installation Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,०३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Domestic Wiring Electrician | 1 | 0 | | 120 | ३७,०३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ ५ गते (21 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**दि गोर्खा रि-इम्प्लाईमेन्ट प्रा. लि.**
बसुन्धारा तिलिङ्टार चौकी पछाडी वी.पी स्मृती हस्पिटल सँगै, काठमाडौं, नेपाल
E-mail: tgurkha2019@gmail.com, फोन: ०१-५९०३०५३, ५९०३०५५
श्रम इजाजत पत्र नं. ०५७।०५१।०५२
"COMPLETE MANPOWER SOLUTIONS"



**कतारमा रोजगार** | कम्पनी : GAS EQUIPMENT & SERVICES CO QATAR LTD
शहर: Qatar

पूर्व स्वीकृत मिति:२०७७/११/२५ चलानी नं.:६०१५५२२८ LT. No.: 236741 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०५ गते (21 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Link On International Pvt. Ltd.**
P.O. Box : 12272, Battisputali, Kathmandu, Tel : 4471668, 4472101
Fax : 4499397, Email : hrsc@linkonint.com.np, Web : linkonint.com.np
श्रम इजाजत पत्र नं.: ९६७/०६७/०६८



जाजरकोटको जुनिचाँदे गाउापालिका-४ र छेडागाड नगरपालिका- ६ बीचमा रहेको मजकोट खोलामा तुइनमार्फत कक्षा ११ को परीक्षामा सहभागी हुन जाँदै विद्यार्थी । प्रतिव्यक्ति रु १०० तिरेर जानु परेको विद्यार्थीले बताएका छन् ।

*तस्बिर: रासस*

# जुरे पहिरोमा रूद्री र क्षमापूजा, ११ सय किलो पत्थरको नागको मूर्ति प्रतिस्थापन गरिने

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
सिन्धुपाल्चोक, २९ साउन

सिन्धुपाल्चोकको जुरेस्थित पहिरो गएको स्थान कैलाशेश्र्वर महादेवको मन्दिर प्राङ्गणमा नागपञ्चमीको दिन ॐ कल्की सत्य प्रतिस्थापन गरिएको छ । टंक बहादुर राउत परिवारको सौजन्यमा जुरे लगायतका विभिन्न ठाउँहरुमा प्राकृतिक प्रकोपमा परेका मृत आत्माहरूको नाममा रूद्री, क्षमापूजा गरिएको हो ।

जुरेमा २०७१ साउन १६ गते नागपञ्चमीकै दिन रातको २ बजे पहिरो गएको थियो । सो पहिरोमा परी १ सय ५६ जना मानिसको मृत्यु भएको थियो । साथै, पहिरोमा ८०/९० घर समेत बगाएको



थियो । जुरेमा पहिरो जाँदा रिसोर्ट, होटल र गाडीहरू बगाउँदा ठूलो मानवीय तथा आर्थिक क्षति भएको स्थानीय जानुकीराम पराजुलीले बताए ।

जुरेस्थित पहिरो जानुको यकिन कारण थाहा नभएपनि तामाङहरूको बाक्लो बस्ती भएको र तामाङबस्ती भन्दा मुनी देवीको थान रहेको थियो । पहिरो जानु भन्दा केही दिन अगाडी नागलाई स्थानीयले अन्जानमा मारेका कारण पहिरो गएको सोही मन्दिरका पूजारी गोविन्द प्रसाद पौडेलको भनाइ छ ।

गोमा माताका अनुसार कैलाशेश्वर महादेवको मन्दिर प्राङ्गणमै पूजा गर्नुको उद्देश्य पटक पटक माताको वाणीमा जुरेको पहिरोमा गएर नाग पुजा गर्नुपर्ने भएको हुँदा पञ्चमीकै दिन पहिरोमा पुगी नाग पुजा गर्नुपरेको स्थानीयले बताए । बाह्रबिसेका माता राजेश्वरी श्रेष्ठका अनुसार वाणीमै आएको भएर सबै गाउँलेहरू मिलेर पुजा गरिएको बताए । सो स्थानमा केही महिनामै पाँच फिट पाँच इन्चको नागको मूर्ति प्रतिस्थापन गरिने टंक प्रसाद राउतले मध्यान्हलाई जानकारी दिए । सो मूर्ति १८ लाख बराबरको हुने भएकाले सम्पुर्ण भक्तजनहरूलाई आर्थिक सहयोगको आह्वान पनि गरेको उनले बताए ।

## मोडर्नाको 40 लाखमात्रा खोप नेपाल आउँदै

**काठमाडौं/मस–** कोभ्याक्ससँगको लागत साझेदारीमार्फत विश्व बैंकको वित्तीय सहयोगमा मोर्डना खोपको ४० लाख मात्रा खरिद गर्न खोप साझेदार गाभीसँग सम्झौता भएको छ ।

गाभीसँग सम्झौता गर्ने नेपाल विश्वकै दोस्रो देश बनेको छ भने त्यसले कोभिड-१९ विरूद्धको खोपको पुँजी विविधीकरण र सुदृढीकरण भएको छ ।

'कोभ्याक्स लागत साझेदारी कार्यक्रम अपनाउने नेपाल प्रारम्भिक देशहरूमध्येको एक हो र चुनौतिपूर्ण परिस्थितिका बावजूद हामीले नेपालका लागि सुरक्षित र अत्यन्तै प्रभावकारी खोप ल्याउनका लागि यस सम्झौता तय गर्न सफल भएकोमा म अत्यन्तै हर्षित छु', स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री उमेश श्रेष्ठले भने, 'मोर्डना खोपले १२ वर्ष उमेर माथिका नेपालीलाई आवश्यक खोपको विकल्पहरू विस्तार गर्न मद्दत गर्नुका साथै कोभिड पछिको सुरक्षित विश्वका लागि नेपालको प्रगतिलाई द्रुत गति दिन समेत सघाउने भएको छ ।' उक्त खोप सन् २०२२ को मार्च महिनासम्म आईपुग्ने अपेक्षा गरिएको छ र त्यसले नेपालका ७२ प्रतिशत जनसंख्याका साथै १२ देखि १७ वर्ष उमेर समूहका बालबालिका र किशोरकिशोरीलाई खोप दिलाउने नेपालको लक्ष्य हासिल गर्नमा उल्लेख्य रूपले सघाउने छ । 'कोभ्याक्स सुविधा मार्फत कोभिड विरूद्धका सुरक्षित र प्रभावकारी खोपहरू खरिदका लागि लगानी गरी विकासका साझेदारसँगै नेपाली जनता र नेपाल सरकारलाई सहयोग गर्न पाउँदा हामी गौरवान्वित भएका छौँ', माल्दिभ्स, नेपाल तथा श्रीलंकाका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद जर्भोसले भनेका छन् ।

# अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा रक्तदान

बाँकेको नेपालगन्जमा विभिन्न कार्यक्रमहरु गरी अन्तर्राष्ट्रिय युवा दिवस मनाइएको छ । 'खाद्य प्रणालीमा रुपान्तरण : मानव र भूमण्डलीय स्वास्थ्यका लागि युवा नवप्रवर्तन' भन्ने मूलनाराका साथ अन्तर्राष्ट्रिय युवादिवस मनाइएको हो । सो दिवसको अवसरमा नेपालगन्जमा बिहीबार रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । नेपालगन्जको भेरी अस्पतालको परिसरमा रहेको नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा केन्द्रमा भएको उक्तदान कार्यक्रममा दुई दर्जन बढी युवाहरुले रक्तदान गरेका थिए । बिहान ८ बजे देखि शुरु भएको रक्तदान कार्यक्रमको गैरसरकारी संस्था महासंघ बाँके शाखाका अध्यक्ष नमस्कार शाह र जिल्ला युवा क्लब सञ्जाल बाँकेका



**बाँके डायरी**
पवन जायसवाल/मध्यान्ह

अध्यक्ष आशिष वर्माले संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

यसरी रक्तदानमा वासका निर्वतमान अध्यक्ष मन भण्डारी, मानवता नेपालका अध्यक्ष अम्बिका काफ्ले, सचिव कमल शाही, एसडीएफका रामश्रेष्ठ, बाँके खजुराकी बिमला परियार, बासकी श्रुती चौधरी लगायत २४ बढीले रक्तदान गरेका छन् । रक्तदान कार्यक्रम जिल्ला युवा क्लब सञ्जाल बाँके, वास नेपाल, गैर सरकारी संस्था महासंघ नेपाल बाँके, नेपालगन्ज उपमहानगरपालिका १२ नम्बर वडा कार्यालय, एसडीएफ बाँके, माईती नेपाल, नेपाल रेडक्रस सोसाइटी बाँके शाखा, बाँके युनेस्को क्लब, मानवता नेपाल, नाईस नेपालगन्ज, माता बागेश्वरी बचत तथा ऋण सहकारी संस्था लिमिटेड र सिनर्जी ग्रुपको संयुक्त आयोजनामा रक्तदान गरिएको थियो ।

# नील सागर वृद्धाश्रमलाई सहयोग

बाँकेको नेपालगन्ज उपमहानगरपालिका वडा नं.९ मा रहेको नील सागर वृद्धाश्रमलाई एस ओ एस बालग्राम नेपाल र एसओएस युवालय नेपालगन्जद्वारा मिष्ठान भोजनका साथै पोसाक सहयोग गरेको छ ।

नील सागर वृद्धाश्रम नेपालगन्जमा रहेका बाबुनानीहरुलाई मिष्ठान भोजनका साथै बाबुनानीहरुलाई लगाउने पोशाक पनि वितरण गरिएको थियो ।

नील सागर वृद्धाश्रमका अध्यक्ष सरिता खनाल, उपाध्यक्ष अमन सुवेदीले आ-आफ्ना विचार राख्दैं



बाबुनानीलाई पोशाक सप्रेम अर्पण गर्नु भै यस्तो पुण्यको कार्यमा अतुलनीय सहयोग गरेकोमा सिङ्गो एस ओ एस बालग्राम नेपाल परिवार एवं एस ओ एस युवालय नेपालगन्जलाई हार्दिक कृतज्ञता व्यक्त गरेका थिए । कार्यक्रममा एस ओ एस युवालय नेपालगन्जका नायब निर्देशक तुलाराम विश्वास, सहायक निर्देशक मीना तुलाधर, लक्षमण खनाल, नील सागर वृद्धाश्रमका अध्यक्ष सरिता खनाल, उपाध्यक्ष अमन सुवेदी लगायतको सहभागिता रहेको थियो ।

# अस्पताल पुनः सूचीकृत गर्ने व्यवस्था मिलाउन सीडीओहरुलाई गृहको निर्देशन

**काठमाडौं/मस–** सरकारले कोरोना संक्रमितको उपचारका लागि आइसोलेसन सेन्टर, अस्पताल र मेडिकल कलेज सूचीकृत गर्ने व्यवस्था मिलाउन ७७ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारी (सीडीओ)हरुलाई निर्देशन दिएको छ ।

गृह मन्त्रालयले सूचना जारी गर्दै कोरोना संक्रमणको तेस्रो लहर आउन सक्ने सम्भावनालाई मध्यनजर गरी आइसोलेसन सेन्टर, अस्पताल, मेडिकल कलेजहरुमा आवश्यक व्यवस्थापन गर्न निर्देशन दिएको हो । पहिलो र दोस्रो लहरको बेलामा सूचीकृत अस्पतालहरु हाल स्थगन गरिएको हुँदा सम्भावित तेस्रो लहरको सम्भावनालाई मध्यनजर गर्दै हाल अस्पताललाई सूचीकृत गर्नुपर्ने आवश्यक देखिएको भन्दै मन्त्रालयले आवश्यकताको आधारमा आइसोलेसन सेन्टर, अस्पतालहरु र मेडिकल कलेजहरु सूचीकृत गर्न निर्देशन दिएको हो ।

सूचीकृत अस्पतालहरुको सूची स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य आपतकालीन कार्य सञ्चालन केन्द्रमा पठाउनुपर्ने छ ।

यस्तै मन्त्रालयले सूचीकृत अस्पतालहरुमा संक्रमितहरुको तथ्यांक/विवरण दैनिक रुपमा अनिवार्य अद्यावधिक गर्न पनि भनेको छ । मासिक अद्यावधिक विवरण यकिन गरी सो अनुसार निःशुल्क उपचार भएका संक्रमितहरुको विवरण सम्बन्धित अस्पतालहरुलाई सोधभर्ना गर्ने प्रयोजनको लागि मन्त्रालयमा पठाउनुपर्ने सूचनामा उल्लेख छ । मन्त्रालयले सूचीकृत अस्पतालहरुको नियमित सुपरिवेक्षण एवं अनुगमन गर्न पनि निर्देशन दिएको छ ।




थप तीन हजार ९१५ जनामा कोरोना

यसैबीच शुक्रबार नेपालमा थप तीन हजार ९१५ जनामा कोरोना भाइरस संक्रमण देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ११ हजार ७०८ पीसीआर परीक्षणमा दुई हजार ७६३ र छ हजार ८७४ एन्टिजेन परीक्षणमा एक हजार १५२ जना गरी कूल तीन हजार ९१५ जनामा संक्रमण पुष्टि भएको हो । योसँगै नेपालमा पीसीआर विधिबाट गरिएको परीक्षणमा कोरोना भाइरस संक्रमितको संख्या सात लाख २८ हजार ५३२ पुगेको छ । त्यस्तै एन्टिजेन परीक्षण गर्नेको संख्या ७४ हजार ३४ रहेको छ । शुक्रबार थप दुई हजार ११८ जना संक्रमणमुक्त भएका छन् । योसँगै हालसम्म नेपालमा संक्रमणमुक्त हुनेको संख्या छ लाख ७९ हजार ४९५ पुगेको छ । नेपालमा संक्रमणमुक्त हुने दर ९३ दशमलव ३ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । हाल नेपालमा ३५ हजार ५१८ होम आइसोलेसन, तीन हजार २८० जना संस्थागत आइसोलेसनमा रहेका छन् । त्यसैगरी ७३६ जना आइसीयू र १८६ जना भेन्टिलेटरमा उपचाररत छन् । देशभर सक्रिय संक्रमितको संख्या ३८ हजार ७९८ जना छन् ।

कोरोना संक्रमणबाट थप २७ जनाको मृत्यु भएको छ । योसँगै नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या दश हजार २३९ पुगेको छ । नेपालमा कोरोना संक्रमणबाट मृत्यु हुने दर १.५ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

यसैबीच काठमाडौं उपत्यकामा थप एक हजार ८९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । स्वास्थ्य मन्त्रालयका अनुसार शुक्रबार थप एक हजार ८९ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो ।

काठमाडौंमा ७९९ जनामा, ललितपुरमा १२८ र भक्तपुरमा १६२ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । योसँगै काठमाडौं उपत्यकामा अहिले ११ हजार ५९६ जना सक्रिय संक्रमित छन् । काठमाडौंमा आठ हजार ४०७, ललितपुरमा एक हजार ८२७ र भक्तपुरमा एक हजार ३६२ जना सक्रिय संक्रमित छन् ।

# पर्वतको बिहादी गाउँपालिकाका सबै घरमा खानेपानीका धारा


**माधव पराजुली/मध्यान्ह**
पोखरा, २९ साउन

पर्वतको बिहादी गाउँपालिका वडा नं. २ बर्राचौरमा बृहत लिफ्ट खानेपानी आयोजनाको काम शुरु हुने भएको छ । वडा नं. २ बर्राचौरस्थित सोती बर्राचौर लिफ्ट खानेपानी आयोजना निर्माणको काम शुरु हुन लागेको हो । लिफ्ट निर्माणको लागि मोती बहादुर कुवरको नेतृत्वमा ९ सदस्य निर्माण उपभोक्ता समिति गठन समेत गरिएको छ । गण्डकी प्रदेश सरकारबाट गत आर्थीक वर्ष २०७७/०७८ मा बहुवर्षे योजनाका रुपमा वार्षिक किताबमा समावेश भएको उक्त लिफ्ट खानेपानी आयोजना पानीको स्रोतको पहिचान नहुँदा रोकिएको थियो ।

अब यो वर्ष खानेपानी आयोजनाको निर्माण कार्य शुरु हुने छ । वडाध्यक्ष ओम प्रसाद कुँवरको सक्रियतामा खानेपानी आयोजनाको काम हुन लागेको हो । लिफ्टिङ खानेपानी आयोजनाको काम यथाशाक्य छिटो सम्पन्न गर्ने गरी काम आगाडी बढाईने वडाध्यक्ष कुवँरले बताए ।

लामो समय देखि खानेपानीको समस्या झेल्दै खाएका बर्राचौरवासीको खानेपानी समस्याको अब भने समाधान हुने भएको छ । खानेपानीको आयोजनाको काम शुरु हुन थालेपछि स्थानियवासी निकै खुसी भएका छन् । धेरै लामो समयदेखि खानेपानी समस्या झेल्दै आएका स्थानीयवासीको खानेपानी समस्या समाधान गर्न स्रोतको सुनिश्चितता हुन नसक्दा समस्या भएको थियो । 'भएका पानीका मुहानमा सहमति जुट्न सकेको थिएन,' वडाध्यक्ष कुँवरले भने, 'आफ्ना नागरिकलाई पानी खुवाएरै छाड्ने मेरो प्रतिवद्धता थियो, अब भने पूरा हुने भयो ।'

बर्राचौरमा यसअघि लिसै गैह्रा खानेपानी आयोजनाको काम सम्पन्न भई नागरिकहरुले स्वच्छ खानेपानी घरमै पिउन पाएका छन् । उक्त खानेपानी बाट बर्राचौरका १५० घर प्रत्यक्ष लाभान्वित भएका छन् । निर्माण हुन लागेको सोती लिफ्ट खानेपानी योजनाले बर्राचौरका बाँकी सम्पूर्ण घरधुरीलाई पुग्ने




छ । उक्त योजनाबाट साबिकका १,२,३,४,६ र ७ वडाहरु लाभान्वित हुने छन् ।

भौगोलिक हिसाबले अत्यन्तै सहज र सुन्दर मानिने बर्राचौरमा अन्य ठूला-ठूला विकास निर्माणका काम भइरहेका छन् । राष्ट्रिय गौरवको योजना कालिगण्डकी लोकमार्गमा कालोपत्रे गर्ने काम भइरहेको छ भने वहाकी–पोखराचौर–खहरेखोला सडक खण्डमा पनि कालोपत्रे हुँदैछ । त्यस्तै १५ शय्याको विशेषज्ञ सेवा सहितको अस्पताल पनि निर्माणाधिन अवस्थामा छ । वैदशिक रेजगारमा गएका युवाहरुलाई स्वदेशमै रोजगार दिलाउने गरी औद्योगिक ग्रामको काम समेत भइरहेको छ । प्रसिद्ध पर्यटकीयस्थल शितल गुफामा पर्यटन पूर्वाधारको काम सकिएको छ ।

अहिले त्यहाँ पर्यटकको घुईंचो लाग्ने गरेको छ । त्यस्तै यहाँका विद्यालयमा नयाँ अत्याधुनिक भवन निर्माण सम्पन्न भएको छ त कतै निर्माण हुदैँछ । त्यस्तै वडा कार्यलय निर्माणाधिन अवस्थामा छ । अन्य कृषि प्रदर्शनी केन्द्र, फन पार्क, सिचाइँ नहर तथा कुलो, गाउँवस्ती जोड्ने मोटरबाटोमा ग्राभेल र शहकारी तथा आमा समुह र सामुदायिक भवन निर्माणको काम समेत धमाधम भइरहेको छ । यहाँबाट गुल्मी जोड्ने भलोलुंगे पुल भर्खरै मात्र निर्माण भएको छ । साना तथा ठूला गौरवका महत्वपूर्ण योजनाको काम भइरहँदा स्थानीयवासीमा खुसीको सिमा नै छैन ।

## नागरिक पार्टी कोशी ब्यूरोले एमसीसीको विरोध गर्ने

**देवेन्द्र आलोक/मध्यान्ह**
इटहरी,२९ साउन

नेपाली नागरिक पार्टी कोशी ब्यूरोको बैठक इटहरीको तरहरामा सम्पन्न भएको छ ।

राष्ट्रियता, बैकल्पिक लोकतन्त्र, संविधान संशोधन सभाको माध्यमबाट 'सनातन हिन्दूराष्ट्र नेपाल'को पक्षमा आन्दोलन गर्ने, हाल देशको हित विपरित हुन लागेको विदेशी परियोजना एमसीसी देश र नेपाली नागरिकको घातक भएको ठहर गर्दै वर्तमान सरकारले संसदबाट पास गर्ने तयारीमा रहेको अवस्थामा उक्त सम्झौता पारित गर्नबाट रोक्न दबाबमूलक आन्दोलन गर्ने, हत्या, बलात्कार, देशमा भइरहेको बढ्दो इसाई धर्मान्तरण, नेपाल भारत सिमा क्षेत्रमा भारतीय पक्षबाट हुने गरेको नेपाली नागरिक माथीको ज्यादतीकाविरुद्धमा समेत भण्डाफोर अभियान चलाउने निर्णय गरेको छ ।लोकतान्त्रिक व्यवस्थाको पक्षमा 'जनमत संग्रह'को मागलाई नेपाली नागरिकबीच गई अभियान चलाउने निर्णय गरेको छ ।


## कतारमा रोजगारको अवसर

कम्पनी : ASPIRE KATARA HOSPITALITY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०२/२४ चलानी नं.: ६०१५८५८७ LT. No.: 240919 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४८,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 4 | 0 | | 1000 | ३२,५५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ०५ गते (21 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत पत्र नं.: ३३७/०५९/०६०

**लाईफ लाईन ओभरसिज प्रा. लि.**
गोगंवु, काठमाडौं, नेपाल, फोन नं. ०१-५९०४२८८, ५९०४५२२, ५९०३६४१

*Drop your CV at cv@lifelineoverseas.com, recruit@lifelineoverseas.com, yam@lifelineoverseas.com*

कथा

# अठोट

श्रीमान बितिसक्नु भयो । उहाँ साहुको घरमा काम गर्नु हुन्थ्यो । एकदिन खेतमा पानी लगाउन जाँदा सर्पले टोक्यो उपचार गर्ने पैसा थिएन । साहुसँग माग्दा 'अब तँ मरीस् भने मेरो ऋण कसले तिर्छ, तेरी स्वास्नी रोगी छ' भनेर एक पैसा दिएनन् । गाउँमा गुहार मागियो कसैले सहयोग गरेनन् अनि बित्नुभयो ।



रेखा जग्गासम्बन्धि कामको सिलसिलामा जिल्ला अदालतमा गएकी थिइन् । आफ्नो वकिल ठिक समयमा नआइपुगेको कारण समय बिताउन गाह्रो भएकोले अदालतमा यता उता डुल्दै थिइन् उनी । अचानक रेखाको नजर कैदी कक्षमा पुग्यो । त्यहाँ हातमा हथकडी लगाएर राखिएका धेरै कैदीहरु थिए तर, रेखाको नजर एक अधबैंसे महिलामा गएर टक्क रोकियो । झ्यालनेर दुब्ली काली, झट्ट हेर्दा रोगी जस्ती देखिने महिला मैलो धोतीको सप्कोले आसुँ पुछ्दै सुक्क-सुक्क रुँदै थिइन् । कोठाभित्र जाने अनुमति थिएन । त्यसैले रेखा त्यहिँ झ्याल छेउमा गएर महिलालाई बोलाइन् ।

दिदी हजुरको नाम के हो ?

महिलाले भनिन-सुन्तली ।

यहाँ कुन गल्ति अपराध गरेर आउनुभएको अथवा ल्याइएको हो नि ?

सुन्तली दिदीलाई रेखाले बडो प्रेमपूर्वक सोधीन् ।

सुन्तलीले मुख घोप्टो पारेर भूइँमा हेर्दै जवाफ फर्काइन् - मैँले चोरी गरेकी थिए बहिनी ।

'ओहो चोरी ? के चोरी गर्नु भएको थियो ?'- रेखाले आश्चर्यजनक शैलीमा सोधीन् ।

'अन्नको बोरा चोरेको थिए' सुन्तलीले छोटो जवाफ फर्काइन् । रेखाको जिज्ञासा झन् बढ्दै गयो अनि फेरि सोधिन्- 'दिदी कति अन्न थियो त्यो बोरामा ?' 'दश किलो जति चामल र चार किलो जति पिठो थियो ।' सुन्तलीले सुक्क-सुक्क सिंगान पुछ्दै भनिन् ।

'दिनभरी काम गरेको भएपनि त्यति अन्न किन्ने पैसा कमाउन सक्थेउ, फेरि चोरी किन गर्यौ ? चोर्नु नराम्रो आदत हो दिदी त्यति अन्न चोरी गर्दा हथकडी लगाएर अदालत आउनु पर्यो चोरी गर्नुको कारण के थियो दिदि ?' रेखाले फेरि सोधीन् ।

सुन्तलीले सुक्क-सुक्क रुँदैरुँदै भनिन्- 'म केहि दिनदेखि बिरामी थिँए । काम गर्न नसक्ने गरि थला परेकी थिए । घरमा स-साना छोराछोरी छन् । खानको लागि अन्नको एक दानासम्म थिएन । छोराछोरीको पेट भर्न म बल्ल-बल्ल उठेर भिख माग्न मन्दिरको छेउमा बसेको थिँए तर, मन्दिरमा पूजा गर्न आउने जतिले सिसाको बोतलभरी दूध फलफूल ल्याएर मूर्तिमाथि चढाए मलाई कसैले हेर्दा पनि हेरेनन् । एक पैसा कसैले दिएनन मूर्ति माथि बगाएको दूध



■ कल्पना पौडेल 'जिज्ञासु'

अबिरमा मिसिएर रातो खोला झैँ बगिरहेको थियो अनि म भोकले मर्नै लागेको थिए । मन्दिरको नजिकै पसल रहेछ, एकजना व्यक्तिले त्यहि अन्नको बोरा किनेर ल्यायो र मन्दिरको गेटमा राख्यो र आफूभित्र दर्शन गर्न गयो । अलिपर एक बालक चिच्याई-चिच्याई रोएको देखे, अनि मैँले घर छोडेर आएका स-साना छोराछोरी सम्झे उनीहरु पनि भोकले यसरि नै रोएका होलान् भन्ने लाग्यो । पापी पेटको लागि मैले दाँया-बाँया सहि गलत केहि नसोँची त्यहि अन्नको बोरा समातेर घरतर्फ जादै थिए पुलिसले समात्यो र मलाई नजिकको चौकीमा ल्यायो ।'

